# भाग ४

## श्री ५ को सरकार
## उद्योग मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मिति २०४२।९।८ को निर्णयानुसार नेपाल इन्जिनियरिङ्ग सेवा, जियोलजी समूह, रा. प. द्वितीय श्रेणी, खानी तथा भू-गर्भ विभागका सिनियर जियोलजिष्ट श्री अच्युतानन्द भण्डारीलाई निजामती सेवा ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम पर्चा खडा गरी निजामती सेवा नियमावली, २०२१ को नियम १०.६ (२) को कसूरमा सोही नियमावलीको नियम १०.१ (५) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।१०।२८ को निर्णयानुसार नेपाल इन्जिनियरिङ्ग सेवा, केमिष्ट्री समूह, पदसङ्केत उ।खा।भू।०७।६६, खानी तथा भू-गर्भ विभागका रा.प. तृतीय श्रेणीका केमिष्ट श्री पुष्पराज श्रेष्ठलाई सोही सेवा र समूहको रा.प. द्वितीय श्रेणी (सहायक सचिव वा सो सरह) को पदमा बढुवा गरी नेपाल गुणस्तर कार्यालयमा रिक्त रहेको डिभिजनल केमिष्ट पदमा पदस्थापन गरेको छ ।

आज्ञाले
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले मिति २०४२।११।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राँकित प्रथम श्रेणी (सह-सचिवस्तर), सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री चन्द्रमाधवप्रसाद सिंहलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१ को उपनियम (३) अनुसार सरकारी नोकरीबाट अवकाश दिएको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८